घरेलु तथा साना उद्योग कार्यालयहरूबाट प्रवाह हुने सेवाहरूलाई छिटो, छरितो, प्रभावकारी र पारदर्शी रूपमा सञ्चालन गर्न निर्माण गरिएको प्रदेशस्तरको सफ्टवेयर

# उद्योग तथा वाणिज्य प्रशासन प्रणाली

# (Industry and Commerce Administration System)

## प्रणाली सञ्चालन कार्यविधि

प्रदेश सरकार

उद्योग, कृषि तथा सहकारी मन्त्रालय

कोशी प्रदेश, विराटनगर

# विषय सूची


१. पृष्ठभूमि ..... 1

२. प्रणालीको संरचना ..... 1

२.१ प्रणालीमा प्रवेश ..... 2

२.२ प्रयोगकर्ताको ड्यासबोर्ड ..... 3

२.३ मुख्य मेन्यू/सहायक मेन्यू ..... 4

३. प्रणालीबाट सम्पादन हुने कार्यहरू ..... 6

३.१ उद्योग प्रशासन सम्बन्धी कार्यहरू ..... 6

३.२ वाणिज्य प्रशासन सम्बन्धी कार्यहरू ..... 18

३.३ प्रतिवेदन ..... 22

४. प्रणाली व्यवस्थापन ..... 23

४.१ प्रणालीको सेटिङ् व्यवस्थापन ..... 23

४.२ उद्योग दर्ता मोड्युलको व्यवस्थापन ..... 25

४.३ वाणिज्यफर्म दर्ता मोड्युलको व्यवस्थापन ..... 27

४.४ प्रयोगकर्ता लगायतका अन्य व्यवस्थापन ..... 27

५. प्रणालीको प्रयोग विधि ..... 29

५.१ प्रणालीमा प्रवेश (साधारण प्रयोगकर्ताका लागि) ..... 29

५.२ प्रणाली सञ्चालन ..... 32

५.२.१ उद्योग दर्ताको निवेदन ..... 32

५.२.२ वाणिज्य फर्म दर्ताको निवेदन ..... 36

५.२.३ वातावरणीय अध्ययन सम्बन्धी विवरण प्रविष्ठी (कर्मचारी प्रयोगकर्ताका लागि मात्र) ..... 38

५.२.४ नवीकरणको अभिलेख ..... 39

५.२.५ नाम परिवर्तन, ठेगाना परिवर्तन, पुँजी वृद्धि, क्षमता वृद्धि लगायतका विवरण संशोधनको अभिलेख ..... 41

५.२.६ कागजात सम्प्रेषण ..... 42

५.३ प्रणाली प्रवेश (कर्मचारी तथा वाह्य प्रयोगकर्ताका लागि) ..... 43

## १. पृष्ठभूमि

साविक उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालयको आ.व. २०७९।८० को स्वीकृत वार्षिक कार्यक्रममा घरेलु तथा साना उद्योग कार्यालयहरूबाट प्रवाह हुने सेवाहरूलाई छिटो, छरितो, प्रभावकारी र पारदर्शी रूपमा सञ्चालन गर्न प्रदेशस्तरको सफ्टवेयर निर्माणका लागि बजेट विनियोजन भएको थियो। विनियोजित बजेट अनुरूप उक्त निर्देशनालयले देहायका विशेषता भएको सफ्टवेयर निर्माण गरेको छ।

- वेब तथा केन्द्रीकृत डाटावेसमा आधारित प्रविधि प्रयोग गरी बनाइएको ।
- प्रचलित ऐन, कानूनले तोके बमोजिम कार्यक्षेत्र बमोजिम अलग अलग मोड्युल तयार गरिएको र मोड्युल अनुसार फर्महरू, इनपुटहरू, मेटाडाटा रहने गरी डिजाइन गरिएको।
- प्रणालीको संरचना र त्यसको सञ्चालनमा रहने भुमिकाका आधारमा मोड्युलमा आधारित भएर प्रयोगकर्ता व्यवस्थापन गर्न सकिने।
- प्रणालीका मोड्युलहरू dynamic र customizable हुने गरी विकास गरिएको, भविष्यमा अन्य सम्बन्धित प्रणाली (जस्तैः- राजश्व भुक्तानी प्रणाली) सँग अन्तरक्रियार अन्तरसम्बन्ध कायम गर्न सकिने गरी प्रणाली विकास गरिएको।
- मोड्युलमा आधारित भएर प्रतिवेदन प्राप्त गर्न सकिने गरी प्रतिवेदनको ढाँचा तयार गरिएको
- प्रणालीमा सुरक्षाका उचित उपायहरूको व्यवस्था गरिएको र सफ्टवेयर विकास गर्दा उचित सुरक्षा प्रोटोकलहरू अपनाइएको ।
- सतर्कता सूचना (Alert Notification):- प्रणाली सञ्चालन गर्दा प्रयोगकर्ता सिर्जना देखि उद्योग तथा वाणिज्य दर्ता, नवीकरण, खारेजी, विवरण संशोधन लगायतका कार्यहरू सम्पन्न भए पश्चात् सम्बन्धित व्यक्तिलाई इमेलबाट जानकारी गराउने व्यवस्था गरिएको।
- विद्युतीकरण भएका/ हुने कागजातहरू सफ्टवेयरको सूचनासँग अन्तरसम्बन्ध कायम हुने गरी सफ्टवेयरको डिजाइन गरिएको।
- सफ्टवेयरबाट प्राप्त हुने प्रमाणपत्र, पत्र लगायतका कागजातहरूको प्रामाणिकताका लागि QR Code राखिएको र भविष्यमा Digital Signature लगायतका कागजात प्रमाणिकरण गर्ने प्रविधि समावेश गर्न मिल्ने बनाइएको।


निर्माण भएको सफ्टवेयर सञ्चालनका लागि लिइएको डोमेन नेम (icas.koshi.gov.np) लगायतका पूर्वाधार उद्योग, कृषि तथा सहकारी मन्त्रालयमा हस्तान्तरण भइआएको र सफ्टवेयरको स्वामित्त्व मन्त्रालयले लिइसकेको छ। निर्मित सफ्टवेयर प्रमुख विशेषताहरू यस पछिका अनुच्छेदहरूमा उल्लेख गरिएको छ।

## २. प्रणालीको संरचना


प्रणालीको संरचनामा लगिन पेज, मोड्युल, मोड्युल अनुसारको मुख्य मेन्यु तथा सहायक मेन्यु र प्रतिवेदन रहेका छन्। यसका अतिरिक्त प्रणाली संचालन सम्बन्धी जानकारी राखिएको छ।

२.१ प्रणालीमा प्रवेश

प्रणाली सञ्चालनका लागि प्रशासनिक, कर्मचारी र साधारण प्रयोगकर्ता गरी तीन प्रकार प्रयोगकर्ता रहने व्यवस्था गरिएको । प्रणालीको व्यवस्थापनका लागि तोकिएका उद्योग, कृषि तथा सहकारी मन्त्रालय तथा घरेलु तथा साना उद्योग कार्यालयका कर्मचारीहरूले प्रशासनिक प्रयोगकर्ताको रूपमा कार्य गर्नेछन् । उद्योग, कृषि तथा सहकारी मन्त्रालय, घरेलु तथा साना उद्योग कार्यालय सहित अन्य निकायका प्रणाली मार्फत सेवा प्रदान गर्ने विभिन्न भुमिकामा रहेका कर्मचारीहरूलाइ कर्मचारी प्रयोगकर्ताको रूपमा कार्य गर्नेछन् । सेवाग्राहीहरूले साधारण प्रयोगकर्ताको रूपमा प्रणालीमा कार्य गर्ने छन् । प्रणालीको संरचना र सञ्चालनमा रहने भुमिकाका आधारमा छुट्टै व्यवस्था मिलाइएको छ । प्रयोगकर्ता व्यवस्थापन मोड्युलमा आधारित भएर गर्न सकिने व्यवस्था मिलाइएको छ ।






प्रशासनिक प्रयोगकर्ता तथा कर्मचारी प्रयोगकर्ताहरूको प्रणालीमा दर्ता उद्योग, कृषि तथा सहकारी मन्त्रालयबाट हुन्छ। साधारण प्रयोगकर्ताहरूले आफैले प्रणालीमा दर्ता गर्न सक्दछन् प्रचलित कानूनले तोके अनुसारको कार्यक्षेत्र बमोजिम अलग अलग मोड्युल तयार गरिएको छ । मोड्युल अनुसार फर्महरू तयार गरिएको छ ।। प्रत्येक प्रयोगकर्ताका लागि तोकिएको कार्यक्षेत्र अनुरूप त्यस्ता मोड्युल, फर्म र मेन्युहरू राखिनेछ ।



## २.२ प्रयोगकर्ताको ड्यासबोर्ड

प्रणालीमा भित्रिए पछि प्रयोगकर्ताले प्रणली आफ्नो भूमिका अनुरूपको ड्यासबोर्ड प्राप्त गर्ने छन् । जसमा प्रयोगकर्ताको अधिकार क्षेत्र अनुरूपका मोड्युल, फर्म, मेन्युहरू र प्रतिवेदन रहने छ ।













२.३ मुख्य मेन्यू/सहायक मेन्यू


उद्योग दर्ता, वाणिज्य दर्ता र प्रतिवेदन गरी मुख्य तीनवटा मोड्युलमा दर्ता, नवीकरण, खारेजी लगायतका कार्य गर्न र प्रतिवेदन प्राप्त गर्न सकिने गरी मुख्य/सहायक मेन्युहरूको व्यवस्था गरिएको छ।




ICAS
INDUSTRY
Industry
TOR
IEE Report
List IEE
New IEE
BUSINESS
Business
REPORT
Industry
Business Firms


ICAS
INDUSTRY
Industry
TOR
IEE Report
BUSINESS
Business
List Business Firms
New Business Firm
Business Firm Renewal
REPORT
Industry
Business Firms


प्रोडक्ट्स (
PRODUCTS)
उद्योग रहने स्थान :- झापा जिल्ला, मेचीनगर नगरपालिका, वडा नं. ९
१०,५०,०००|००
चालू पूँजी
४,५०,०००|००
स्थिर पूँजी
१५,००,०००|००
कुल पूँजी
Overview
Activities
Documents
Action
PRODUCTS





## ३. प्रणालीबाट सम्पादन हुने कार्यहरू


उद्योग तथा वाणिज्य प्रणालीबाट मुख्यतयाः प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७७ र प्रदेश नं १ निजी तथा साझेदारी फर्म दर्ता ऐन, २०७७ बमोजिम उद्योग, कृषि तथा सहकारी मन्त्रालय र जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालयहरूबाट सम्पादन हुने उद्योग तथा व्यापार व्यवसायको दर्ता, नवीकरण, खारेजी तथा दर्ता पछिको विवरण संशोधनका कार्यहरूको अभिलेख गरिनेछ । यस प्रणालीबाट सेवाग्राहीले अनलाइनबाट उद्योग तथा व्यापार व्यवसायको दर्ता, नवीकरण, खारेजी तथा दर्ता पछिको विवरण संशोधनका लागि दरखास्त दिने र कागजात पेश गर्न सक्नेछन् । सम्पन्न भएका कार्यहरूको संख्यात्मक र विवरणात्मक रूपमा आवधिक प्रतिवेदन प्राप्त गर्न सकिनेछ ।


### ३.१ उद्योग प्रशासन सम्बन्धी कार्यहरू

प्रणालीको प्रयोग गरी उद्योग सम्बन्धी देहायका कार्यहरू गर्न सकिन्छ ।

क) उद्योग दर्ता (अनुमति समेत), नवीकरण र खारेजीको अभिलेख,




ख) उद्योग दर्ता पत्र र प्रमाणपत्र जारी तथा अभिलेख,

प्रदेश सरकार

उद्योग, कृषि तथा सहकारी मन्त्रालय

# घरेलु तथा साना उद्योग कार्यालय

कोशी प्रदेश, झापा, भद्रपुर

## फर्म (उद्योग) दर्ता प्रमाण-पत्र

उद्योग दर्ता नं.:- २२७२-७८-२२२५६
प्रमाणपत्र जारी भएको मितिः- 2080/02/09

प्रदेश नं. १ निजी तथा साझेदारी फर्म दर्ता ऐन, २०७७ बमोजिम निम्न विवरण भएको निजी फर्म को यस घरेलु तथा साना उद्योग कार्यालय, झापामा मिति 2080/02/09 मा दर्ता भएको हुँदा प्रदेश औद्योगिक व्यवसाय ऐन, २०७७ बमोजिम देहायका विवरण समेत कायम गरी यो प्रमाणपत्र कायम गरिएको छ ।

**१. फर्म (उद्योग) को नामः-** प्रोडक्ट्स

**२. फर्म (उद्योग) को ठेगानाः-** झापा जिल्ला, मेचीनगर नगरपालिका वडा नं. ९

**३. फर्म धनी/साझेदारहरूको नामः-** चौधरी

४. कूल पूँजीः- रु.१५,००,०००।००
चालू पूँजी :- रु. १०,५०,०००।००
स्थिर पूँजी :- रु. ४,५०,०००।००

५. वार्षिक उत्पादन क्षमताः-
चिप्स पास्ता उत्पादन गर्ने - १४५००००,० रूपैया

६. फर्म स्थापना गर्नुको उद्देश्यः- चिप्स पास्ता उत्पादन गर्ने

७. उद्योग सञ्चालन, व्यवसायिक उत्पादन वा कारोबार शुरू गर्नु पर्ने अवधिः- None वर्ष

८. उद्योगको वर्गः- उत्पादनमूलक

९. उद्योग सञ्चालन दिन (प्रतिवर्ष):- ३६५ प्रतिदिन सिफ्ट संख्याः- १

१०. आवश्यक विद्युत शक्तिः- १५ केभिए

११. उद्योगले उत्पादन गर्ने वस्तु वा सेवाको प्रकारः- खाद्यवस्तु उत्पादन

१२. आवश्यक पर्ने जनशक्तिः- २ जना

१३. अन्य :- 16226

................

प्रमाणित गर्ने अधिकृत

नोटः यो प्रमाण-पत्रको म्याद ३ वर्षसम्म बहाल रहने र त्यस पछि प्रत्येक पटक नविकरण भए मुताबिक बहाल रहने हुनाले अवधि समाप्त भएको मितिले ३ महिना भित्र अनिवार्य रुपमा नविकरण गराईसक्नु पर्नेछ । नियमानुसार म्याद भित्र नविकरण नभएको प्रमाण-पत्र बहाल रहने छैन । नविकरण भएको अवधि, पालना गर्नुपर्ने शर्तहरू र दर्ता पछिका अन्य निर्णयहरू यस प्रमाणपत्रको पछाडि उल्लेख गरिएको छ ।

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय

# घरेलु तथा साना उद्योग कार्यालय

कोशी प्रदेश, झापा, भद्रपुर

पत्र संख्या:- २०७९/२०८०                                   मिति:-
चलानी नं. :-

**विषय: फर्म (उद्योग) दर्ता प्रमाण-पत्र पठाइएको ।**

श्री जय बहादुर चौधरी ,
मेचीनगर-०९ ।

तपाईंले                          नामका उद्योग दर्ताका लागि दिनुभएको निवेदन उक्त कागजात भई निवेदनसाथ संलग्न कागजात र परियोजना विवरणका आधारमा प्रदेश नं. १ निजी तथा साझेदारी फर्म दर्ता ऐन, २०७७ बमोजिम फर्म र १८(१)(ग) बमोजिमको दस्तुर र कोशी ऐनको १८(२)(ख) बमोजिमको वर्गमा पर्ने गरी देहायको संक्षिप्त विवरण रहेको उद्योग दर्ता गरी फर्म (उद्योग) दर्ता प्रमाण-पत्र यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा जानकारी गराइन्छ ।

१. उद्योग दर्ता नम्बर :- २२७२-७८-२२२५६

२. प्रमाणपत्र जारी भएको मिति:- Jestha 09, 2080, Tuesday

३. फर्म (उद्योग)को नाम:-

४. फर्म (उद्योग)को ठेगाना:-झापा जिल्ला, मेचीनगर नगरपालिका वडा नं. ९

५. फर्म (उद्योग)को अधिकृत पूँजी:- १५,००,०००।०० रुपैयाँ

६. फर्म (उद्योग)को स्तर:- साना उद्योग

७. फर्म (उद्योग)को वर्ग:- उत्पादनमूलक

८. नविकरण म्याद बहाल रहने अवधि:- तीन वर्ष

---------------
प्रमाणित गर्ने अधिकृत

(नोट: उद्योग दर्ता प्रमाण पत्रको म्याद माथि उल्लेखित अवधि सम्म बहाल रहने र त्यस पछि प्रत्येक पटक नविकरण भए मुताबिक बहाल रहने हुनाले अवधि समाप्त भएको मितिले ३ महिना भित्र अनिवार्य रुपमा नविकरण गराईसक्नु पर्नेछ । नियमानुसार म्याद भित्र नविकरण नभएको प्रमाण-पत्र बहाल रहने छैन । नविकरण भएको अवधि, उद्योगको विस्तृत विवरण,पालना गर्नुपर्ने शर्तहरू र अन्य निर्णयहरू उद्योग दर्ता प्रमाण-पत्रमा उल्लेख गरिएको छ ।)

बोधार्थ:
श्री उद्योग, वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, विराटनगर
श्री आन्तरिक राजस्व कार्यालय/ करदाता सेवा कार्यालय... ... ... ... ... ....,
श्री मेचीनगर नगरपालिका,झापा

INDUSTRY

- Industry
- TOR
- IEE Report

BUSINESS

- Business

REPORT

- Industry
- Business Firms

## [redacted] प्रोडक्ट्स ( [redacted] PRODUCTS)

उद्योग रहने स्थान :- झापा जिल्ला, मेचीनगर नगरपालिका, वडा नं. ९

| १०,५०,०००।०० | ४,५०,०००।०० | १५,००,०००।०० |
|---|---|---|
| चालू पूँजी | स्थिर पूँजी | कुल पूँजी |

Overview | Activities | Documents | Action

PRODUCTS

### General Information

| | | |
|---|---|---|
| दर्ता नं.:- | २२७२-७८-२२२५६ | |
| दर्ता मिति:- | 2077-11-19 (March 3, 2021) | |
| उद्योग रहने स्थान :- | झापा जिल्ला, मेचीनगर नगरपालिका, वडा नं. ९ | Edit |
| कानुनी स्वरुप:- | निजी फर्म (PRIVATE FIRM) | Edit |

| | | |
|---|---|---|
| कानुनी स्वरुप:- | निजी फर्म (PRIVATE FIRM) | Edit |
| वर्ग:- | उत्पादनमूलक - MANUFACTURING | Edit |
| स्तर:- | साना उद्योग | Edit |
| उद्योगको उद्देश्य:- | चिप्स पास्ता उत्पादन गर्ने | Edit |
| संचालन अवधि:- | १ वर्ष (2078-11-18 सम्म) | Add |
| वर्तमान अवस्था:- | दर्ता रहेको | Update |

### Industry Type

खाद्यवस्तु उत्पादन

### Capital Information

| # | Date | Capital Type | Amount |
|---|---|---|---|
| १ | 2077-11-19 | स्थिर पूँजी | ४,५०,०००।०० |
| २ | 2077-11-19 | चालू पूँजी | १०,५०,०००।०० |

### Investor Information

| # | Date | Name | Address | Investment | Action |
|---|---|---|---|---|---|
| १ | 2077-11-19 | | मेचीनगर-०९ | १००.०% | Edit Remove |

Product Information

| # | Date | Product Name | Capacity | Unit | Action |
|---|---|---|---|---|---|
| १ | 2077-11-19 | चिप्स पास्ता उत्पादन गर्ने | १४५००००.० | Rupees | Edit Remove |

Employment Information

| # | Date | Type | Male | Female | Others | Total | Action |
|---|---|---|---|---|---|---|---|
| १ | 2077-11-19 | EMPLOYEES | २ | ० | ० | २ | Edit Remove |

Energy Information

| # | Date | Quantity | Unit | Action |
|---|---|---|---|---|
| १ | 2077-11-19 | १५ | kVA | Edit Remove |

Operation Information

| # | Date | Operation Day in a year | Shift per day | Action |
|---|---|---|---|---|
| १ | 2077-11-19 | ३६५ | १ | Edit Remove |

Conditions

| # | Date | Condition Type | Condition | Action |
|---|---|---|---|---|
| १ | 2077-11-19 | सबै उद्योग (All Industries) | ** | Edit |

Remarks

16226

मिति २०७८/०५/०१ विद्युत् शक्ति १५ HP बाट २५ HP कायम ।

मिति २०८०/०२/०९ उद्योगको साविक उदेश्यमा खाद्यवस्तु प्याकेजिङ्ग थप ।

ग) उद्योग दर्ता पश्चात् हुने संशोधनहरू:- उद्योगको पुँजी वृद्धि, क्षमता थपघट उत्पादन विविधिकरण, उद्देश्य परिवर्तन, नाम परिवर्तन, ठेगाना परिवर्तन, नामसारी लगायत

अ) पुँजी वृद्धि

Capital

Date

2079-12-11

स्थिर पूँजी

चालू पूँजी

कुल

Save

## आ) वार्षिक क्षमता परिर्वतन/उत्पादन विविधिकरण

**Products**

Product name

Product Name

Product quantity

Quantity

Product unit

---------

Save

## इ) नाम परिवर्तन

| | |
|---|---|
| **उद्योगको नाम** | ्रोडक्ट्स |
| **Industry Name** | OD PRODUCTS |

**To Be Updated**

Industry Name

) PRODUCTS

उद्योगको नाम

प्रोडक्ट्स

## ई) उद्देश्य परिवर्तन

**To Be Updated**

उद्देश्य


चिप्स पास्ता उत्पादन तथा खाद्यवस्तु प्याकेजिङ गर्ने

Update

**Activities**

1 **Industry Objective Changed** from चिप्स पास्ता उत्पादन गर्ने to चिप्स पास्ता उत्पादन तथा खाद्यवस्तु प्याकेजिङ गर्ने t

## उ) ठेगाना परिवर्तन


उद्योग रहने स्थान : झापा जिल्ला, मेचीनगर नगरपालिका, वडा नं. ९, None

To Be Updated

Address Type

INDUSTRY LOCATION

State

KOSHI - कोशी

District

Jhapa - झापा

Local Level

मेचीनगर नगरपालिका

Ward Number

9

City/Tole

City/Tole

Update

2023 © Ministry of Industry, Agriculture and Cooperative

## ऊ) नामसारी


Investor

Investor's Name

Enter Name

लगानीकर्ताको नाम

नाम

Gender

---------

Investor's Address

Type Address

Investor's Email

Email Address

Investment

Share Amount

Investor Type

दलित
पिछडा वर्ग
आदिवासी जनजाती
मधेशी

ID Type

CITIZENSHIP

ID Number

ID Number

Save

घ) दर्ता पश्चात् हुने संशोधनको पत्र जारी तथा अभिलेख, दर्ता पश्चात हुने संशोधन सम्बन्धी विस्तृत प्रतिवेदन (समयावधि, स्थानीय तह, जिल्ला, उद्योगको उद्योगको पुँजी, क्षमता, उत्पादित सेवा वस्तु लगायतका आधारमा)

प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
**घरेलु तथा साना उद्योग कार्यालय**
कोशी प्रदेश, झापा, भद्रपुर।

पत्र संख्या:- २०७७/२०७८
चलानी नं. :-

मिति:-

**विषय: विवरण संशोधनको स्वीकृति सम्बन्धमा।**

श्री
झापा।

त्यस उद्योगको माग बमोजिम उद्योग दर्ताका बखत कायम भएका पुँजी, क्षमता लगायतका विवरणहरू देहाय बमोजिम संशोधन गर्न स्वीकृति प्रदान गरिएको व्यहोरा निर्णयानुसार जानकारी गराइन्छ।

**पुँजी सम्बन्धी विवरण**

| विवरण | साविक स्वीकृत | संशोधन पश्चात् कायम भएको |
|---|---|---|
| चालू पूँजी | १०,५०,०००।०० | १०,५०,०००।०० |
| स्थिर पूँजी | ४,५०,०००।०० | ४,५०,०००।०० |
| कुल पुँजी | १५,००,०००।०० | १५,००,०००।०० |

**वार्षिक क्षमता सम्बन्धी विवरण**

| उत्पादन/सेवा | साविक स्वीकृत | संशोधन पश्चात् कायम भएको |
|---|---|---|
| चिप्स पास्ता उत्पादन गर्ने | १४,५०,०००।०० रूपैंया | १४,५०,०००।०० रूपैंया |

**अन्य विवरण**

| विवरण | साविक स्वीकृत | संशोधन पश्चात् कायम भएको |
|---|---|---|
| विद्युत शक्ति | 15 kVA | 25 kVA |
| रोजगारी | २ जना | २ जना |

ङ) वातावरणीय अध्ययन सम्बन्धी कार्यहरू (कार्यसूची स्वीकृति र प्रतिवेदन स्वीकृतिको अभिलेखलगायतका कार्यहरू)







च) दर्ता खारेजी र नवीकरण अवधि समाप्तिको स्वचालित जानकारी (इमेल मार्फत)उद्योग दर्ता, नवीकरण र खारेजी सम्बन्धी विस्तृत प्रतिवेदन (समयावधि, स्थानीय तह, जिल्ला, उद्योगको प्रकृति, उद्योगको पुँजी, क्षमता, उत्पादित सेवा वस्तु लगायतका आधारमा)

**Renewal**

Renewal Date

Renewal Date

Next Renewal Date

Renewal Date

Invoice

Invoice

Amount

Amount

Remarks

Remarks


Update

| Industry Name | उद्योगको नाम | दर्ता नं. | दर्ता मिति | नविकरण मिति | म्याद कायम रहने मिति | भुक्तान रकम |
|---|---|---|---|---|---|---|
| \GRICULTURE | कृषि फर्म | २६९०-०७४-०७५(Triyuga) | 2074/06/27 | 2079/12/28 | 2082/12/27 | ३०००.०० |
| LAWATI ΞTION | लावती ासन | ३७-०४६-४७ | 2047/01/25 | 2079/04/03 | 2082/03/29 | None |
| KATH SAW MILL | स-मील मेल) | १२८-२९२-६८३३ | 2064/07/21 | 2078/03/28 | 2081/03/27 | ११०००.०० |

< ← Prev 1 2 Next → Last >>


ज) उद्योगलाई प्रदान हुने सेवा सहुलियत सिफारिस लगायत अन्य निकायलाई आवश्यक सहमति, प्रत्येक उद्योगको विवरण कालक्रमिक स्वरूपमा (Chronological Order), राजश्व सङ्कलन, धरौटी जम्मा तथा फिर्ता र जरिवाना सम्बन्धी अभिलेख,उद्योग सञ्चालन, व्यवसायिक उत्पादन वा कारोबार प्रारम्भको विवरण/ अवधि थप सम्बन्धी अभिलेख, वार्षिक विवरण सङ्कलन र उद्योग अनुगमन सम्बन्धी अभिलेख





३.२ वाणिज्य प्रशासन सम्बन्धी कार्यहरू


क) वाणिज्य फर्म दर्ता, नवीकरण र खारेजीको अभिलेख,












ख) बाणिज्य फर्म दर्ता पत्र र प्रमाणपत्र जारी तथा अभिलेख,



प्रदेश सरकार
उद्योग, कृषि तथा सहकारी मन्त्रालय
घरेलु तथा साना उद्योग कार्यालय
कोशी प्रदेश, ताप्लेजुङ।

वाणिज्य फर्म दर्ता प्रमाण-पत्र

वाणिज्य फर्म दर्ता नं.:- [illegible]

प्रमाणपत्र जारी भएको मिति:- [illegible]

प्रदेश नं. १ निजी तथा साझेदारी फर्म दर्ता ऐन, २०७७ बमोजिम निम्न विवरण भएको निजी फर्म लाई यस घरेलु तथा साना उद्योग कार्यालय, ताप्लेजुङमा मिति [illegible] मा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ।

१. फर्मको नाम:- [illegible] स्टोर

२. फर्मको ठेगाना:- ताप्लेजुङ जिल्ला, फुङलिङ नगरपालिका, वडा नं. ५

३. फर्मधनी/साझेदारको नाम:- [illegible] कार्की

४. कुल पूँजी:- रु.[illegible]

५. फर्मको उद्देश्य:- खुद्रा व्यापार

६. कारोबार:- रेडिमेट कपडा जुत्ता चप्पल कस्मेटिक्स

प्रमाणित गर्ने अधिकृत

ग) दर्ता/खारेजी र नवीकरण अवधि समाप्तिको स्वचालित जानकारी ( इमेल मार्फत), वाणिज्य फर्म दर्ता, नवीकरण र खारेजी सम्बन्धी विस्तृत प्रतिवेदन (समयावधि, स्थानीय तह, जिल्ला, फर्मको प्रकृति, पुँजी, कारोबार लगायतका आधारमा)

Renewal

Renewal Date

Renewal Date

Next Renewal Date

Renewal Date

Invoice

Invoice

Amount

Amount


Remarks

Remarks

Update

घ) वाणिज्य फर्म दर्ता पश्चात् हुने संशोधनहरू:- पुँजी वृद्धि, उद्देश्य थपघट वा परिवर्तन, नाम परिवर्तन, ठेगाना परिवर्तन, नामसारी लगायतदर्ता पश्चात् हुने संशोधनको पत्र जारी तथा अभिलेख,दर्ता पश्चात हुने संशोधन सम्बन्धी विस्तृत प्रतिवेदन (समयावधि, स्थानीय तह, जिल्ला, फर्मको प्रकृति, पुँजी, कारोबार लगायतका आधारमा)











ङ) वाणिज्य फर्मलाई प्रदान हुने सेवा सहुलियत सिफारिस लगायत अन्य निकायलाई आवश्यक पर्ने सिफारिस सहमति,प्रत्येक वाणिज्य फर्मको विवरण कालक्रमिक स्वरूपमा,राजश्व सङ्कलन, धरौटी जम्मा तथा फिर्ता र जरिवाना सम्बन्धी अभिलेख, फर्मको कारोबार शुरू भएको विवरण सकलन उपभोक्ता हित संरक्षण सम्बन्धी प्राप्त उजुरीको अभिलेख, बजार अनुगमन सम्बन्धी अभिलेख र कारबाही, नसिहत र जरिवाना सम्बन्धी अभिलेख,

३.३ प्रतिवेदन

उद्योग तथा व्यापार व्यवसाय सम्बन्धी संख्यात्मक र विवरणात्मक रूपमा आवधिक प्रतिवेदनहरू प्राप्त गर्न प्रतिवेदन मोड्युलको निर्माण गरिएको छ।






## ४. प्रणाली व्यवस्थापन

उद्योग तथा वाणिज्य प्रशासन प्रणाली (ICAS) को प्रभावकारी सञ्चालनका लागि प्रणालीका प्रशासनिक प्रयोगकर्ताहरूले मात्र प्रयोग गर्न मिल्ने गरी प्रणाली व्यवस्थापन मोड्युलको निर्माण गरिएको छ । यसमा प्रणाली व्यवस्थापनका लागि नियम कानून सम्बन्धी सूचना, उद्योग तथा फर्मको पुँजी संरचना लगायतका विवरण समय सान्दर्भिकता सँगै गतिशील रूपमा परिवर्तन गर्न सकिने गरी निर्माण गरिएको छ ।

### ४.१ प्रणालीको सेटिङ् व्यवस्थापन

प्रणालीको कार्य प्रवाहसँग सम्बन्धित विषयहरू यसबाट सान्दर्भिकताको परिवर्तनसँग गर्न सकिन्छ ।

Welcome to ICAS Admin Portal

| 1. SYSTEM CONFIGURATION | | |
|---|---|---|
| Act Names | + Add | Change |
| Actions | + Add | Change |
| Cities | + Add | Change |
| Condition Types | + Add | Change |
| Countries | + Add | Change |
| Default Industry Registrars | + Add | Change |
| Districts | + Add | Change |
| Document Lists | + Add | Change |
| Employee Types | + Add | Change |
| Energy Types | + Add | Change |
| Enterprise Types | + Add | Change |
| Industry Address Types | + Add | Change |
| Industry Capital Types | + Add | Change |

| | | |
|---|---|---|
| Industry Capital Types | + Add | Change |
| Industry Categories | + Add | Change |
| Industry Registrar Offices | + Add | Change |
| Industry Scale | + Add | Change |
| Investor ID Types | + Add | Change |
| Investor Types | + Add | Change |
| Legal Types | + Add | Change |
| Local Level Types | + Add | Change |
| Local Levels | + Add | Change |
| NSIC Codes | + Add | Change |
| Payment Types | + Add | Change |
| Person Types | + Add | Change |
| Product Units | + Add | Change |
| Rules | + Add | Change |

| | | |
|---|---|---|
| Rules | + Add | Change |
| Selectable Objectives | + Add | Change |
| State Names | + Add | Change |
| Status Lists | + Add | Change |


४.२ उद्योग दर्ता मोड्युलको व्यवस्थापन

प्रचलित कानूनमा व्यवस्था गरिए बमोजिम उद्योगको विवरण प्रविष्टिसँग सम्बन्धित मेटाडाटाहरू यस मोड्युलबाट व्यवस्थापन गर्न सकिन्छ।

| 2. INDUSTRY INFORMATION | | |
|---|---|---|
| (Industries) | + Add | Change |
| Action logs | + Add | Change |
| Address | + Add | Change |
| Capital | + Add | Change |
| Categories | + Add | Change |
| Conditions | + Add | Change |
| Employees | + Add | Change |
| Industry Types | + Add | Change |
| Industry documents | + Add | Change |
| Industry iees | + Add | Change |
| Industry operation times | + Add | Change |
| Industry renewals | + Add | Change |
| Industry tors | + Add | Change |
| Investors | + Add | Change |
| Legal Types | + Add | Change |
| Objectives | + Add | Change |
| Operated Date | + Add | Change |
| Products | + Add | Change |
| Running Days and Shift | + Add | Change |
| Scale | + Add | Change |
| Status | + Add | Change |


### ४.३ वाणिज्यफर्म दर्ता मोड्युलको व्यवस्थापन

प्रचलित कानूनमा व्यवस्था गरिए बमोजिम उद्योगको विवरण प्रविष्टिसँग सम्बन्धित मेटाडाटाहरू यस मोड्युलबाट व्यवस्थापन गर्न सकिन्छ।




### ४.४ प्रयोगकर्ता लगायतका अन्य व्यवस्थापन

प्रयोगकर्ताको प्रणालीमा भूमिका लगायत प्रयोगकर्ता सम्बन्धी विवण यस मोड्युलबाट व्यवस्थापन गर्न सकिन्छ।



AUTHENTICATION AND AUTHORIZATION
Groups
Add
Change
PROGRESS REPORT
Progress Report
Add
Change
Progress Report Documents
Add
Change
USERS
Users
Add
Change
USERSPROFILE
User Profiles
Add
Change

# ५. प्रणालीको प्रयोग विधि


## ५.१ प्रणालीमा प्रवेश (साधारण प्रयोगकर्ताका लागि)

प्रणालीमा प्रवेश गर्नु भन्दा अगाडि प्रणाली प्रवेशका लागि प्रयोगकर्ता प्रोफाइल बनाउनु पर्दछ। त्यसका लागि icas.koshi.gov.np मा गइ देहाय बमोजिम प्रयोगकर्ता प्रोफाइल बनाउन सकिन्छ।

क) icas.koshi.gov.np को पहिलो पृष्ठ यसरी खुल्नेछ।




ख) खुलेको पृष्ठमा प्रयोगकर्ता प्रोफाइल बनाउनका लागि *खाता खोल्नुहोस* मा क्लिक गर्ने, जसबाट यस्तो पेज प्राप्त गर्न सकिन्छ।




ग) यस आफ्नो इमेल ठेगाना, नाम, थर, पासवर्ड राखी साइन अप गर्ने ।


घ) साइन अप गरेसकेपछि आफुले प्रयोग गरेको इमेलमा लगइन गरी भेरिफाई गर्ने ।

ङ) इमेल भेरिफाई भए पश्चात् पहिलो पृष्ठमा गई इमेल र पासवर्ड प्रयोग गरी प्रणाली भित्र प्रवेश गर्न सकिन्छ ।


पासवर्ड बिर्सिएमा के गर्ने?

आफुले प्रयोग गर्ने पासवर्ड सम्झन सक्ने गरी बनाउनु पर्छ । केही कारणले पासवर्ड बिर्सिएमा निम्न बमोजिम पासवर्ड परिवर्तन गर्न सकिन्छ ।


क) प्रणालीको पहिलो पृष्ठको *पासवर्ड बिर्सिनुभयो?* मा क्लिक गर्ने ।





ख) पासवर्ड बिर्सिनुभयो? मा क्लिक गरिसके पछि निम्नानुसारको पृष्ठ खुल्दछ ।





ग) माथिको पृष्ठमा आफुले प्रणालीमा प्रयोग गरेको इमेल ठेगाना राखी Send Reset Link मा क्लिक गर्ने र निम्नानुसारको सन्देश प्राप्त भएपछि आफ्नो इमेलको इनबक्समा जाने ।





घ) इमेलको इनबक्स निम्नानुसारको इमेल प्राप्त हुन्छ ।




ङ) इमेलमा दिइएको लिङ्कमा क्लिक गर्दा देहायको पृष्ठ खुल्छ।





च) पासवर्ड परिवर्तन भइसकेपछि देहायको सन्देश प्राप्त हुन्छ।




## ५.२ प्रणाली सञ्चालन


### ५.२.१ उद्योग दर्ताको निवेदन

प्रणाली प्रवेश गरिसके पछि देहायको प्रयोगकर्ता ड्यासबोर्ड खुल्छ। जसबाट उद्योग तथा वाणिज्य फर्म दर्ताका लागि निवेदन दिन सकिन्छ।






उद्योग दर्ताको लागि देहाय अनुसार निवेदन दिन सकिन्छ ।


क) ड्यासबोर्डको उद्योग दर्ता फारामको लिङ्कमा जाने, जसबाट यस्तो फाराम प्राप्त हुन्छ ।





ख) Registration Date/Registration Number बाहेक अन्य विवरण भर्नु पर्छ । जसमा कानूनी स्वरूप, उद्योगको वर्गीकरण र उद्योगको प्रकारका लागि दिइएको उपयुक्त विकल्प छनौट गर्नुपर्छ ।








ग) उद्योग दर्ता फारामको पहिलो पृष्ठ उपयुक्त विवरण सहित भरिसकेपछि Next बटनबाट अर्को पृष्ठमा जान सकिन्छ । जसमा उद्योगको ठेगाना सम्बन्धी विवरण भर्नु पर्दछ ।





घ) उद्योगको ठेगाना प्रविष्ट गरिसकेपछि Next बटनबाट अर्को पृष्ठमा जान सकिन्छ । जसमा उद्योगका प्रोप्राइटर, साझेदार वा शेयरधनीको विवरण प्रविष्ट गर्नु पर्छ । एक जना भन्दा बढी साझेदार वा शेयरधनीको विवरण प्रविष्ट गर्नका लागि Add बटन प्रयोग गर्न सकिन्छ ।





ङ) प्रोप्राइटर, साझेदार वा शेयरधनी प्रविष्टी गरे पश्चात् Next बटनबाट अर्को पृष्ठमा जान सकिन्छ। जसमा उद्योगमा लगानी हुने स्थिर पुंजी र चालु पुंजीको विवरण प्रविष्टि गर्न सकिन्छ।




च) पुंजी प्रविष्टि पश्चात् Next बटनबाट अर्को पृष्ठमा जान सकिन्छ, जसमा उद्योगको उद्देश्य बमोजिम उत्पादन हुने वस्तु वा सेवाको विवरण प्रविष्ट गर्न सकिन्छ। एक भन्दा बढी वस्तु वा सेवा प्रविष्टिका लागि Add बटनको प्रयोग गर्न सकिन्छ।



छ) उत्पादन हुने वस्तु वा सेवा प्रविष्टि पश्चात् उद्योगमा आवश्यक जनशक्ति, खपत हुने विद्युत शक्ति, सञ्चालन दिन र प्रति दिनको सिफ्ट संख्या प्रविष्टिका लागि Next बटनबाट अर्को पृष्ठमा जान सकिन्छ।





ज) सबै विवरण प्रविष्ट गरिसके पछि Submit Form बटनबाट सम्बन्धित कार्यालयमा पठाउन सकिन्छ।


### ५.२.२ वाणिज्य फर्म दर्ताको निवेदन

वाणिज्य फर्म दर्ताका लागि देहाय अनुसार दरखास्त दिन सकिन्छ।


क) ड्यासबोर्डको उद्योग दर्ता फारामको लिङ्कमा जाने, जसबाट यस्तो फाराम प्राप्त हुन्छ।



ख) Registration Date/Registration Number बाहेक अन्य विवरण भर्नु पर्छ । जसमा उद्देश्य, फर्मको प्रकारका लागि दिइएको उपयुक्त विकल्प छनौट गर्नुपर्छ । विवरण प्रविष्ट गरिसके पछि Next बटनबाट अर्को पृष्ठमा जान सकिन्छ । जसमा फर्मको ठेगाना सम्बन्धी विवरण भर्न सकिन्छ ।




ग) फर्म ठेगाना सम्बन्धी विवरण प्रविष्ट गरिसके पछि Next बटनबाट अर्को पृष्ठमा जान सकिन्छ । जसमा फर्मधनीको विवरण प्रविष्ठ गर्न सकिन्छ । एक भन्दा बढीको विवरण प्रविष्ठ गर्न Add बटनको प्रयोग गर्न सकिन्छ ।





घ) विवरण प्रविष्ठी पश्चात् Submit Form बटनबाट सम्बन्धित कार्यालयमा दरखास्त पेश गर्न सकिन्छ ।


### ५.२.३ वातावरणीय अध्ययन सम्बन्धी विवरण प्रविष्ठी (कर्मचारी प्रयोगकर्ताका लागि मात्र)

वातावरणीय अध्ययन गर्नु पर्ने भनी प्रचलित कानूनमा तोकिएका उद्योगहरूको अभिलेखका लागि तलका फारामहरू प्रयोग गर्न सकिन्छ।

क) कार्यसूची स्वीकृतिको अभिलेखका लागि




ख) प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृतिको अभिलेखका लागि




### ५.२.४ नवीकरणको अभिलेख

उद्योग (फर्म) नवीकरणको अभिलेख देहाय बमोजिम गर्न सकिन्छ।


क) मुख्य मेन्यूको *उद्योग* भित्र *विवरण* मा जाने।



ख) ड्यासबोर्डमा रहेको सूचीमा नवीकरण गर्न चाहेको उद्योगको नाम खोज्ने ।




ग) नवीकरण गर्न चाहेको उद्योगको लिङ्क प्राप्त भए पश्चात् उक्त लिङ्कबाट उद्योगको विवरण प्राप्त गर्न सकिन्छ । विवरण सहितको पृष्ठमा Action बटनबाट नवीकरण गर्ने विकल्प छनोट गर्ने ।





घ) *उद्योग नवीकरण* छनोट गरे पश्चात् तलको फाराम प्राप्त गर्न सकिन्छ । जसमा विवरण भरी नवीकरण अभिलेख गर्न सकिन्छ ।




### ५.२.५ नाम परिवर्तन, ठेगाना परिवर्तन, पुँजी वृद्धि, क्षमता वृद्धि लगायतका विवरण संशोधनको अभिलेख

क) विवरण संशोधन गर्न चाहेको उद्योगको लिङ्क प्राप्त भए पश्चात् उक्त लिङ्कबाट उद्योगको विवरण प्राप्त गर्न सकिन्छ। विवरण सहितको पृष्ठमा Action बटनबाट संशोधन गर्ने उपयुक्त विकल्प छनोट गर्ने।




साथै, यसबाट प्रमाणपत्र, पत्र, टिप्पणी लगायतका कागाजत प्रिण्टका लागि उपयुक्त विकल्प छनोट गरी कार्य गर्न सकिन्छ ।

### ५.२.६ कागजात सम्प्रेषण

सम्बन्धित कागजातहरू स्क्यान गरी देहाय बमोजिम अपलोड गर्न सकिन्छ ।

क) उद्योगको विवरण रहेको पृष्ठमा Documents लिङ्कबाट Upload File प्रयोग गर्ने ।



ख) देहाय बमोजिम खुलेको पृष्ठबाट उपयुक्त विकल्प छनोट गरी कागजात सम्प्रेषण गर्न सकिन्छ।




कागजातको प्रकार यसरी छनोट गर्न सकिन्छ।




## ५.३ प्रणाली प्रवेश (कर्मचारी तथा वाह्य प्रयोगकर्ताका लागि)

कर्मचारी तथा वाह्य प्रयोगकर्ताका लागि यूजरनेम र पासवर्ड निर्देशिकामा निर्धारित भए बमोजिम प्रमुख प्रणाली व्यवस्थापक वा प्रणाली व्यवस्थापकहरूले तयार गरी उपलब्ध गराउने छन्।